# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ७) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार ३० गते २०८१ (संख्या ४**

## भाग १

### वैतेश्वर गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५(पहिलो संशोधन) २०८१

**(गाउँ सभाबाट पारित)**

(सभाबाट स्वीकृत मिति : २०८१/०३/२५)

**१. परिच्छेद २ को दफा ९ को सट्टा देहायको व्यहोरा राखिएको छ ।**

<u>९. धरौटी राख्नु पर्नेः</u> संस्थागत विद्यालय खोल्ने अनुमति लिदा विद्यालय सञ्चालनको सुरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछः

क) माध्यमिक विद्यालयको लागि रु दुई लाख

ख) आधारभूत विद्यालय कक्षा ०-८ को लागि रु एक लाख पचास हजार

ग) प्राथमिक विद्यालय कक्षा ०-५ को लागि रु पचास हजार

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सीमान्तकृत वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

**२. परिच्छेद २ को दफा १५ को उपदफा ४ मा माध्यमिक तहको हकमा कम्तिमा ५००००००(पचास लाख रुपैया मात्र) को सट्टा ३०,००,०००(तीस लाख मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००(तिस लाख रुपैया मात्र) को सट्टा २०,००,०००(बीस लाख मात्र) संशोधन गरि राखिएको छ ।**

वैतेश्वर राजपत्र

**३. परिच्छेद ३ दफा १६ को उपदफा १ को सट्टा देहायको व्यहोरा राखिएको छ ।**

**१६. गाउँ शिक्षा समिति सम्बन्धि व्यवस्था**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः —

क) गाउँपालिकाको अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्ति — अध्यक्ष

ख) गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट कम्तिका एकजना महिला सहित दुईजना — सदस्य

ग) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना — सदस्य

घ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुइजना महिला सहित तीनजना — सदस्य

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाले मनोनीत गरेको कम्तिमा एकजना महिला सहित दुईजना — सदस्य

च) गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपांगता सम्बन्धि शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनीत गरेको अपांगता भएका व्यक्ति एकजना — सदस्य

छ) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

**४. परिच्छेद ३ दफा १६ को उपदफा २ मा देहायको व्यहोरा संशोधन गरिएको छ ।**

२) समितिको बैठक संचालन प्रकृया, बैठक भत्ता तथा सेवा सुविधा प्रदेश ऐन अनुसार गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ । उपदफा १ बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

**५. परिच्छेद ३ दफा १९ को उपदफा १ को सट्टा देहायको व्यहोरा राखिएको छ ।**

(१) सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

क अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुइजना महिला सहित चारजना — सदस्य

ख विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनीत गरेको सदस्य — सदस्य

ग विद्यालयका संस्थापक, स्थानीय बुदिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना — सदस्य

घ विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना — सदस्य

ङ विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

**६. परिच्छेद ३ दफा १९ को उपदफा ३ मा क, ख, ग पछि घ भन्ने शब्द थप गरिएको ।**

**७. परिच्छेद ५ को दफा २६ को सट्टा देहायको व्यहोरा राखिएको छ ।**

**२६. शिक्षकको सरुवा**

(१) गाँउपालिका भित्र सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा गाउँ शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्नसक्नेछ । तर विशेष परिस्थीति सृजना भई शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिस भई आएमा विद्यालय व्यवस्थापन समितिको निर्णय विना सरूवा गर्नका लागि शिक्षा समितिको सयोजकलाई कुनै वाधा पर्ने छैन ।

(२) गाउँपालिका शिक्षा समितिले दरवन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षकबीच सरुवा गर्नसक्नेछ तर सामान्यतया शिक्षकको सरुवा आवश्यकता अनुसार गर्न सक्नेछ ।

(३) शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । तर विशेष कारण तथा परिस्थिति सिर्जना भएमा शैक्षिक सत्रको जुनसुकै समयमा पनि सरुवा गर्न सकिने छ । तर दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा ५ वर्ष सेवा अवधि पुरा नभएको भए पनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) शिक्षकको सरुवा सहमति दिदा वा लिदा शिक्षा समितिका संयोजकको अर्निवार्य अनुमति लिनु पर्ने छ।

**८. परिच्छेद ५ को दफा २७ को सट्टा देहायको व्यहोरा राखिएको छ ।**

**<u>२७. दरवन्दी मिलान</u>**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलान गर्नुपर्नेछ ।

(२) प्रतिकुल शैक्षिक वातावरण सिर्जना हुने विभिन्न परिस्थिति सिर्जना भएमा शिक्षक कर्मचारीहरुलाई गाउँ शिक्षा समितिका संयोजकले सम्बन्धित विद्यालयको सहमति बेगर पनि गाउँपालिका क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

**९. परिच्छेद ५ को दफा २८ को सट्टा देहायको व्यहोरा राखिएको छ ।**

**<u>२८. शिक्षकको स्थायी नियुक्ति र बढुवासम्बन्धी व्यवस्था</u>**

हालका स्वीकृत दरवन्दीमा शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानुन बमोजिम वन्ने शिक्षक सेवा आयोगबाट तोकेबमोजिम हुनेछ। स्थानीय तहबाट नियुक्ती पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था स्थानीय सरकारले तोकेबमोजिम हुनेछ।

आज्ञाले
ऋषिराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र